'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक


वर्ष १ अंक : १३८ सोमबार २९ पुष, २०८१ 13 (Monday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### अनुदानको रकम दुरुपयोग भएको मन्त्रीकै आशंका

## कृषि अनुदानमा पाँच वर्षमा १ खर्ब ७ अर्ब ६६ करोड रुपैयाँ खर्च

■ नमस्ते समचारदाता

काठमाडौं, पुष/२८





कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले पाँच वर्षमा १ खर्ब ७ अर्ब ६६ करोड रुपैयाँ कृषि अनुदानमा खर्च भएको जनाएको छ। संघीय सरकारका कृषि मन्त्री रामनाथ अधिकारीले आइतबार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट अनुदान लैजाने कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूका नाम सार्वजनिक गरेका छन्। मन्त्री अधिकारीले कृषि अनुदानको रकम दुरुपयोग भएको आशंका व्यक्त गर्दै अनुदान लिनेको नाम सार्वजनिक गर्ने बताए। मन्त्री अधिकारीले कृषि अनुदान लगेर दुरुपयोग गरिएको प्रमाण भेटिमा कारबाही हुने पनि बताए। उनले ५ वर्षमा मन्त्रालयबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारका अनुदान प्रवाह भएको त्यसमध्ये प्रत्यक्षतर्फ कृषि सहकारी र समूहले लगेको २० अर्ब ३० करोड र अप्रत्यक्षतर्फ अनुदानित रासायनिक मल ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रुपैयाँको वितरण भएको मन्त्री अधिकारीले जानकारी दिए। मन्त्रीले कृषि सहकारी, कृषि समूह तथा कृषि फार्ममार्फत पछिल्लो ५ वर्षमा १० अर्ब ५८ करोड ७६ लाख ४६ हजार रुपैयाँ अनुदान प्रवाह भएको देखिएको बताए। उनले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट ६ अर्ब ६१ करोड ९५ लाख ३१ हजार रुपैयाँ रकम प्रवाह भएको र उक्त रकम १ लाख ४१ हजार ६ सय ७० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूले लगेको कृषिमन्त्री अधिकारीले जानकारी दिए। मन्त्री अधिकारीले कैलालीको रानीजमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइबाट १८ करोड ४८ लाख ६१ हजार रुपैयाँ प्रवाह भएको छ भने त्यसबाट २१ हजार ४ सय ५० कृषि सहकारी, समूह, फार्महरूले रकम लगेको बताए। त्यस बारेमा पनि अनुसन्धान हुने मन्त्री अधिकारीले संकेत गरे। उनले कृषि क्षेत्र विकास कार्यक्रमबाट ८० करोड १९ लाख रुपैयाँ रकम प्रवाह भएको भन्दै त्यसमा २७ हजार ६ सय ५० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूले रकम लगेको बताए। नेपाल लाइभस्टक इनोभेसन आयोजनाबाट १ अर्ब ९२ करोड ७५ लाख १३ हजार रुपैयाँ प्रवाह भएको जानकारी दिए। खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट १ अर्ब ५ करोड ३७ लाख ७९ हजार रुपैयाँ प्रवाह भएको छ। मन्त्री अधिकारीले उखु कृषक प्रोत्साहन अनुदानमार्फत ४ अर्ब ७ करोड २४ लाख २० हजार रुपैयाँ वितरण भएको जानकारी दिए। उनले कृषि बीमाको प्रिमियम अनुदानतर्फ ५० करोड ४८ लाख ८२ हजार, पशुपंक्षी तथा मत्स्य बीमाको प्रिमियम अनुदानतर्फ ५ अर्ब १३ करोड ८० लाख ६६ हजार रुपैयाँ प्रवाह भएको बताए।

## बर्दियामा बाघको आक्रमणबाट एक महिलाको मृत्यु

■ नमस्ते समचारदाता

बर्दिया, पुष/२८



बर्दियाको ठाकुरबाबा नगरपालिकामा पाटेबाघको आक्रमणबाट एक जनाको मृत्यु भएको छ। मुक्तिपुर सामुदायिक वनको चरिचरण क्षेत्रको चौरमा बाख्रा चराउन गएकी ठाकुरबाबा नगरपालिका ७ की पदमकला थापाको पाटे बाघको आक्रमणबाट ज्यान गएको हो। ठाकुरबाबा नगरपालिका वडा नम्बर ७ सुन्दरपुर गाउँकी ४० वर्षीया थापाको मृत्यु भएको ठाकुरबाबा नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष कलम विष्टले जानकारी दिए। बर्दिया राष्ट्रिय निकुञ्जका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी र स्थानीय सहितको टोली लिएर बाघले आक्रमण गरेको ठाउँदेखि झन्डै सात मिटर भित्र गएर शव ल्याएको वडाध्यक्ष विष्टले बताए। पाटे बाघले आक्रमण गरेर घिसार्दै लैजाने क्रममा ओराही खोला नजिकबाट होहल्ला गर्दै टोलीले शव ल्याएका हुन्। शव पोस्टमार्टमका लागि सदरमुकाम गुलरिया पठाइएको प्रहरीले जनाएको छ। बकुवा नजिक मुक्तिपुर सामुदायिक वन किनारको चरिचरण क्षेत्र चौरमा बाख्रा चराउने क्रममा आइतबार दिउँसो पाटे बाघले उनलाई आक्रमण गरेको थियो। बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ प्रमुख संरक्षण अधिकृत डा. अशोक रामका अनुसार बाघ नियन्त्रणमा लिन सामुदायिक वनमा हात्तीसहित प्राविधिक टोली खटिसकेको छ। डाट लगायतका अन्य प्रविधिको प्रयोगबाट बाघलाई नियन्त्रणमा लिने प्रयास भइरहेको उनले बताए। पछिल्लो वर्ष बर्दिया निकुञ्ज मध्यवर्ती क्षेत्रमा पाटे बाघको आक्रमणमा परेर दुई जनाको ज्यान गएको राष्ट्रिय प्रकृति संरक्षण कोषका प्रमुख अजित तुम्बाहाम्फेले जानकारी दिए। भदौ महिनामा पाटे बाघको आक्रमणबाट बाँसगढीमा एक महिलाको ज्यान गएको थियो। यस्तै गैंडा र हात्तीको आक्रमणबाट यस आर्थिक वर्षमा दुई जनाको ज्यान गएको छ।

## ऋण प्रवाहमा प्रत्यक्ष संलग्न नभएकालाई थुन्न मिल्दैन: सर्वोच्च नजिर

■ नमस्ते समचारदाता

काठमाडौं, पुष/२८




सर्वोच्च अदालतले सहकारीबाट ऋण प्रवाहमा प्रत्यक्ष संलग्न नभएकालाई थुनामै राख्न नपर्ने आदेश दिएको छ। शिव शिखर सहकारीको बचत अपचलन मुद्दामा शिखर अर्गनाइजेसनका सञ्चालक तथा प्रबन्ध निर्देशक गीता शर्माको हकमा गत ५ पुसमा सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुनीलकुमार पोखरेलको इजलासले यस्तो आदेश गरेको हो। अदालतले शर्मा ऋण प्रवाहमा प्रत्यक्ष संलग्न नभएको भन्दै उनलाई थुनामै राख्न आवश्यक नरहेको ठहर गरेको छ। त्यसअघि भक्तपुर जिल्ला अदालतले शर्मालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। तर, सर्वोच्च अदालतले उक्त आदेश उल्ट्याउँदै उनलाई थुनामै राख्न नपर्ने निर्णय सुनाएको हो। यस निर्णयले सहकारीसम्बन्धी मुद्दामा प्रत्यक्ष संलग्नता र जिम्मेवारीका आधारमा थुनामा राख्ने वा नराख्ने विषयमा नजिर प्रस्तुत गरेको छ। शर्माको मुद्दामा अदालतको आदेशमा भनिएको छ, 'गीता शर्माले अनुसन्धान क्रममा र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी बयान गरेको देखिन्छ। निज प्रतिवादी शिव शिखर बहुउद्देश्य सहकारी संस्थाको अध्यक्ष, सञ्चालक अथवा ऋण प्रवाह गर्ने तहको कर्मचारी रह-भएको भन्ने अभियोगपत्रलगायतका मिसिल संलग्न कागजातबाट नदेखिएको, केवल शिव शिखर सहकारीको तत्कालीन अध्यक्ष केदारनाथ शर्माको पत्नी यी निवेदक प्रतिवादीसमेत सञ्चालक रहेको शिव शिखर अर्गनाइजेसनमा सहकारीबाट ऋण प्रवाह भएको, यी निवेदक उल्लेखित सहकारीको कर्मचारी रही सहकारीबाट अपचलन भएको बचतकर्ताहरूको रकम म तिर्छु भनी प्रतिवादीले कागज गरेको भन्नेसमेतका प्रमाणबाट यी प्रतिवादीको हकमा मुलुकी फौजदारी कार्यविधि, २०७४ को दफा ६७ को अवस्था विद्यमान रही थुनामै राखी कारबाही गर्नुपर्ने स्थिति नदेखिँदा प्रतिवादी गीता शर्मालाई थुनामा राख्ने गरी जिल्ला अदालत भक्तपुरबाट भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट २०८० पुस १२ गते भएको आदेश मिलेको नदेखिँदा बदर गरिएको छ।' लामिछानेका कानुन व्यवसायी राजेन्द्र सेढाईंले समेत कास्की जिल्ला अदालतमा यो नजिर पेस गरेका थिए। शर्मा सहकारीका अध्यक्षकी श्रीमती र सहकारीको कर्मचारी समेत थिइन्। तर, लामिछानेको सहकारीसँग कुनै साइनो नभएको र कुनै पनि कर्जा नलिएकाले उनी विरुद्ध यो मुद्दा नै प्रतिशोध स्वरूप आएको अधिवक्ता सेढाईंको भनाइ थियो।

## आफ्नो हितका लागि उपभोक्ता पनि सचेत बन्न मुख्यमन्त्रीको आग्रह

■ नमस्ते समचारदाता

देउखुरी, पुष/२८

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उपभोक्ताको हित संरक्षण गर्न व्यवसायीले इमानदारी देखाउनुपर्ने र उपभोक्ता आफैं पनि सचेत हुनुपर्ने बताएका छन्। उपभोक्ता हित संरक्षण मञ्च नेपालले बुटवलमा आयोजना गरेको व्यवसाय र उपभोक्ताको मानव अधिकार सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमलाई उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले उपभोक्ताको हित संरक्षण गर्न व्यवसायीले इमानदारी देखाउनै पर्ने बताए। प्रदेश सरकारले बजार अनुगमनलाई तीव्रता दिन प्रदेश स्तरीय संयन्त्र निर्माण गर्न लागेको समेत मुख्यमन्त्री आचार्यले बताए। आचार्यले भने, 'चाडपर्वको वेलामा मात्रै होइन, बाह्रै महिना, ३६५ दिन नै अनुगमन र निगरानी हुने व्यवस्था गरिनुपर्छ, प्रदेश स्तरबाट पनि एउटा अनुगमन संयन्त्र हामी छिटै बनाउँछौं।' बजारमा हुने अनुचित व्यापारलाई निरुत्साहित गर्न उपभोक्ता अधिकार संरक्षणलाई बलियो बनाउनुपर्ने उनको भनाइ छ। अखाद्य वस्तुको उपभोगका कारण नागरिकको स्वास्थ्यमा नराम्रो असर परिरहेको, नसर्ने तर दीर्घरोगबाट पीडित हुनुपर्ने अवस्था रहेको भन्दै मुख्यमन्त्री आचार्यले अखाद्य वस्तुको कारोबारलाई निरुत्साहित गर्नुपर्ने बताए। प्रदेश भरीका अपभोक्ता हित संरक्षण अधिकारकर्मीहरुले मूख्यमन्त्रीलाई प्रदेश भरी नै अनुगमनलाई प्रभावकारी बनाउन कानून र संयन्त्र पनि बलियो बनाउन आग्रह गरेका छन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता ।

– नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## रविविरुद्ध जिल्लैपिच्छे फरक-फरक कानूनको प्रयोग

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध एउटै घटनाका लागि प्रहरीले कास्की र काठमाडौंमा फरक–फरक कानुनअनुसार मुद्दा दायर गरेको छ । सहकारी ठगीको आरोप लागेका लामिछानेविरुद्ध कास्कीमा सहकारी ऐन, २०७४ अनुसार मुद्दा दायर छ भने काठमाडौंमा भने मुलुकी अपराध संहिता, २०७४ को ठगीसम्बन्धी महलअनुसार अभियोजन गरिएको छ। यसरी रवी बिरुद्ध कास्कीमा सहकारी ऐन र काठमाडौंमा मुलुकी अपराध संहिता आकर्षित गराइएको छ। एउटै प्रकृतिका घटनामा फरक–फरक कानूनी प्रावधानको प्रयोगले अनुसन्धान र अभियोजन प्रक्रियाप्रति नै आम मानिसमा प्रश्न उठेको छ । विभिन्न सहकारीबाट गोर्खा मिडियामा रकम अपचलन गरेको उस्तै प्रकृतिका घटनामा धेरै प्रश्नहरु उठेका छन्। रास्वपासहित विपक्षी दलका नेता र कतिपय कानून व्यवसायीले रविविरुद्ध राज्य संयन्त्रले प्रतिशोधपूर्ण व्यवहार र अनुसन्धान गरेको आरोप लगाउँदै आएका छन्। कास्कीको सहकारी ठगी मुद्दामा ६५ लाख रुपैयाँ धरौटीमा छुटेका लामिछाने आइतबार जिल्ला अदालत काठमाडौंमा आफै उपस्थित भए पश्चात उनको थुनछेक बहस शरु भयो। तर थुनछेक बहस नसकिएकाले प्रहरी हिरासतमा राख्न न्यायधिसले आदेश दिए पश्चात उनी प्रहरी हिरासतमा गएका छन्। काठमाडौंमा उनलाई मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत ठगी र संगठित अपराधको अभियोग लगाइएको छ। स्रोतका अनुसार काठमाडौंमा सहकारी ऐन, २०७४ अनुसार मुद्दा चलाउन हदम्याद गुज्रिएकाले मुलुकी अपराध संहिताको सहायता लिइएको हो । सरकारी वकिल कार्यालयका एक अधिकारीले दिएको जानकारी अनुसार सहकारी ऐन अनुसार जाहेरी दर्ता भएको तीन महिनाभित्र मुद्दा दायर गर्नुपर्ने प्रावधान छ। तर, उक्त म्याद सकिएपछि मुलुकी अपराध संहिताको प्रयोग गरी मुद्दा दायर गरिएको हो। पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठले अनुसन्धान र कानुनी प्रक्रियामा सरकारको हस्तक्षेप भएको टिप्पणी गरेका छन्। सरकारको निर्देशनमा मुद्दा दायर भएकाले जिल्ला अनुसार फरक–फरक कानूनको सहारा लिइएको उनको भनाइ छ। 'यो सरकारको बहुलीका आधारमा मुद्दा चलाइएको हो । हदम्यादसम्बन्धी व्यवस्थादेखि कानूनहरू जथाभावी प्रयोग गरिएको छ, श्रेष्ठले प्रतिक्रिया दिएका छन्।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट


डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-


फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# सार्वजनिक सम्पत्तिको संरक्षण

**शिवराम न्यौपाने**



सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापनका लागि मौसमी तत्परता मात्र पर्याप्त हुँदैन । सार्वजनिक पदको शक्तिका आडमा मिलेमतो गरी सार्वजनिक सम्पत्ति व्यक्ति वा समूहको नाममा दर्ता गर्ने गराउने गलत प्रवृत्ति दशकौँदेखिको समस्या हो । यस समस्याको समाधान गर्न राजनीतिक एवं प्रशासनिक नेतृत्वको नैतिक अनुशासन र इमानदार कार्य अग्रसरताको जरुरी छ ।



शिवराम न्यौपाने

सार्वजनिक सम्पत्तिमा सबैको समान हक र दायित्व हुन्छ। देशका नागरिकले साझा रूपमा आफ्नो स्वामित्वमा स्वीकारेर प्रयोग गर्ने गरेको वस्तु वा सेवाका रूपमा यसलाई लिइएको हुन्छ । यी वस्तु वा सेवाको प्रयोगमा आफ्नो अधिकार भएकोबारे सबै सचेत र अग्रसर छन् । हामी सडकमा हिँड्छौँ, बिजुलीको प्रयोग गर्छौं, वनजङ्गल, खोला, तालबाट लिन सक्ने वस्तु वा सेवा लिने गर्छौं, मठमन्दिरमा रमाउँछौँ र जीवनको अन्तिम घडीमा सार्वजनिक स्थलमै आफूलाई समाहित गर्छौं । यस्ता सबै सार्वजनिक वस्तु वा सेवाको उपयोग हामीले तिर्ने करबाट उपलब्ध भएको सम्बन्धमा पनि हामी सचेत र जानकार छौं । सार्वजनिक सम्पत्तिको रेखदेख एवं संरक्षण गर्ने दायित्व सरकारकै हो भनी आफ्नो करेसामा जोडिएको सार्वजनिक सम्पत्तिको संरक्षणका लागि पनि सरकारको जिम्मेवारी पर्खेर बस्ने गर्छौं । यस्तो सोचले आलस्य र निष्क्रिय भएका हाम्रा जिम्मेवारीका कमजोर पाइलाका कारण सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कार्य जटिल र चुनौतीपूर्ण भएको छ । यस सन्दर्भमा सार्वजनिक सम्पत्तिको संरक्षणका लागि प्रत्येक व्यक्ति, समाज र तिनै तहका सरकारको सचेतना र जागरुकता आवश्यक छ । नेपालको संविधानको धारा ४८ मा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकको कर्तव्य भएको उल्लेख गरिएको छ । मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक, स्वामित्व वा अधीनमा रहेको सरकारी भवन वा जग्गा, सडक बाटो वा रेलवे, वनजङ्गल, नदी खोलानाला, नहर कुलो, खनिज वा खनिज पदार्थ, हिमाल भिरपहरा जस्ता वस्तु वा सेवालाई सरकारी सम्पत्ति मानिने उल्लेख छ । यस्ता वस्तुलगायत सार्वजनिक निकायमा रहेको जिन्सी मालसामान पनि सरकारी सम्पत्तिमा आउने गर्छ । सार्वजनिक सम्पत्तिको उपयोग गर्न सबै जनताले समान अवसर नपाउने भए पनि कुनै न कुनै रूपमा सबैले लाभ हासिल गरिरहेका हुन्छन् । तुलनात्मक रूपमा सार्वजनिक पदमा रहेका व्यक्तिले सार्वजनिक सम्पत्तिको स्वाभाविक रूपमा बढी उपयोग गर्ने गरेका छन् । सार्वजनिक जिम्मेवारीका पदमा रहेका कारण यी सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी पनि यिनै व्यक्तिकै बढी हुने गर्छ। सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने प्रथम दायित्व सरकारको भएको आमबुझाइ छ । सरकारको यस गहन दायित्व वा जिम्मेवारी पूरा गर्न कार्यकारिणी संयन्त्रका रूपमा रहेको कर्मचारीतन्त्रले सरकारसँग निरन्तर कार्य गरिरहेको हुन्छ । सार्वजनिक सम्पत्तिको समान हकदार स्थानीय जनसमुदायको पनि सम्पत्तिको संरक्षणमा उत्तिकै दायित्व हुन्छ। सार्वजनिक सम्पत्तिको अतिक्रमण गरी व्यक्ति वा संस्थाको नाममा ल्याउने गैरकानुनी कार्य दशकौँदेखि निरन्तर हुँदै आएको छ । यस कार्यमा मूलतः राजनीतिक पदाधिकारी, कर्मचारीतन्त्र, बिचौलिया र दलालको सहकार्य हुने गरेको पाइन्छ । सार्वजनिक सम्पत्तिको व्यवस्थापनमा रहेका पुराना समस्या रहिरहेका कारण यसमा सुधार हुन सकेको छैन । सार्वजनिक सम्पत्तिको यकिन र एकीकृत रेकर्ड नभएको, भएका रेकर्ड अद्यावधिक र प्रमाणीकरण हुन नसकेको, रेकर्डमा ल्याउन नसकिएको र जिम्मेवारी यकिन नभएको सम्पत्ति बेवारिस अवस्थामै रहेको, सम्पत्तिको निकायगत यथार्थ सूचना नभएको, एकीकृत अभिलेख राख्ने र यसलाई वार्षिक अद्यावधिक गर्ने कार्यलाई संस्थागत गर्न नसकिएको, यस्ता जिम्मेवारीलाई बेरुजु वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग तादात्म्य गराउन नसकिएका समस्या छन् । सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कार्यलाई व्यवहारमा लागु गर्न नसकिएको, सरकारी सम्पत्तिको अभिलेख राख्ने र अद्यावधिक गर्ने कार्यलाई सम्बन्धित निकायको नियमित कार्यक्रमका रूपमा कार्यान्वयनमा ल्याउन नसकिएको, सरकारी सम्पत्तिको दुरुपयोग गर्ने कार्यका विरुद्धको कारबाही प्रभावकारी नभएको लगायतका समस्या सङ्घीय तहदेखि स्थानीय तहसम्म छन् । एकीकृत रूपमा सार्वजनिक सम्पत्तिको रेकर्ड राखी त्यसको रेखदेख र संरक्षण गर्ने समग्र दायित्व नेपाल सरकारको हो। सङ्घीय तहका केन्द्रीय निकायले आफ्नो र मातहतका स्थानीय तहसम्मका सार्वजनिक सम्पत्तिको यथार्थ स्पष्ट रेकर्ड राख्ने र नियमित निगरानी गर्ने कार्यलाई प्राथमिकता दिनु जरुरी छ । साथै प्रदेश सरकारले प्रदेशभित्रको र स्थानीय तहले पालिकाको वडा तहसम्मको सार्वजनिक सम्पत्तिको रेकर्ड राखी संरक्षणका लागि निगरानी गर्ने र अग्रसर हुन आवश्यक छ । आर्थिक कार्यविधि तथ वित्तीय उत्तर दायित्वसम्बन्धी ऐन, २०७६ मा मन्त्रालय वा अन्तर्गतका सवै निकायको सबै प्रकारको चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने भएको व्यवस्था गरिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ मा जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र कार्यालय प्रमुखको हुने व्यवस्था गरिएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापर्बाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे/गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार सजाय हुने र त्यसरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिने व्यवस्था गरिएको छ। सार्वजनिक सम्पतिको संरक्षणका लागि यस्ता कानुनी व्यवस्था रहेको भए पनि पालना नहुँदा सार्वजनिक सम्पत्तिको नोक्सानी हुँदै गएको छ । मौजुदा कानुनी व्यवस्थाको पालना नगर्ने साथै कानुनलाई आफू अनुकूल निहित स्वार्थका लागि गलत व्याख्या गर्ने प्रवृत्ति बढेको छ । सार्वजनिक पदमा रहँदा सार्वजनिक सम्पत्तिको संरक्षणको पहिलो दायित्व भएको व्यक्ति समूहहरूकै गलत सोच र कार्यले सार्वजनिक सम्पत्तिको नोक्सानी हुने गरेको छ । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको साँठगाँठमा बिचौलिया र दलालको संलग्नतामा राज्यको ठुलो मूल्यका सार्वजनिक अचल सम्पत्ति व्यक्ति वा व्यक्तिगत संस्थाका नाउँमा गएको गुनासा छन् । मूलतः नियोजित रूपमा सरकारी सम्पत्ति रेकर्डमा नदेखाउने, विभिन्न बहानामा मिलेमतो गरी सार्वजनिक सम्पत्तिमा कब्जा गर्ने गराउने, रेकर्ड अद्यावधिक नभएका कारण सरकारका नाममा आउने नयाँ वा पुराना जग्गा, वस्तु, मेसिन वा अन्य सामान व्यक्तिगत गराई पुराना सामान रेकर्डमा देखाउने प्रवृत्ति छ । बेवारिस सम्पत्ति व्यक्तिका नाममा ल्याउने, कृतिम प्रमाण तयार गरी सरकारी सम्पत्ति व्यक्तिको नाममा लाने, सम्पत्तिको मर्मत संभारमा उत्साह, इमानदार र जिम्मेवार नहुने, निकाय प्रमुखदेखि तल्लो तहसम्मका कर्मचारी सरकारी सम्पत्तिको उपयोगमा इमानदार र संवेदनशील नहुने जस्ता प्रवृत्तिका कारण सार्वजनिक सम्पत्तिको दुरुपयोग र नोक्सानी हुने गरेको पाइएको छ । सार्वजनिक सम्पत्तिको संरक्षणको कार्य प्रभावकारी हुन नसक्नुमा सङ्घीय तहदेखि स्थानीय तहसम्मका सरकारका जिम्मेवार पदाधिकारीको यसप्रतिको बेवास्ता र निष्क्रियता नै मुख्य कारण भएको सहज अनुमान गर्न सकिन्छ । सङ्घीय तहमा मन्त्रालय एवं अन्य केन्द्रीय स्तरका निकाय र अन्तर्गतको सम्पत्तिको विवरण तयार गरी प्रमाणीकरण गर्ने प्रभावकारी संरचना र कार्यक्रम नभएको, वार्षिक रूपमा सम्पत्ति विवरण तयार गरी प्रमाणित गरी राख्ने कार्य नियमित हुन नसकेको, निकाय प्रमुखलाई यस कार्यमा संस्थागत रूपमा जिम्मेवार गराउन नसकिएको, निगरानी, नियन्त्रण र परीक्षणको जिम्मेवारीमा रहेका केन्द्रीय स्तरका निकायलाई यस कार्यमा जिम्मेवार र उत्तरदायी गराउन नसकिएको जस्ता कारण पनि सार्वजनिक सम्पत्तिको संरक्षण प्रभावकारी हुन नसक्नुका बलिया आधारका छन् । सार्वजनिक सम्पत्तिको खोजतलास गर्ने गराउने र खोज तलासपश्चात् सरकारलाई प्राप्त भएका सूचना एवं प्रतिवेदनको थप अध्ययन अनुसन्धान र कार्यान्वयनका लागि स्थायी संस्थागत व्यवस्था हुन सकेको छैन । राजनीतिक वा प्रशासनिक पदमा रहदा प्राप्त हुने शक्तिको दुरुपयोग गरी सार्वजनिक सम्पत्ति विभिन्न बहानामा व्यक्ति, संस्था वा समूहको नाममा लैजाने प्रवृत्ति रोकिएको छैन । यसका कारण सार्वजनिक सम्पत्तिको संरक्षणको कार्य चुनौतीपूर्ण भएको छ। सार्वजनिक सम्पत्ति संरक्षणको कार्यक्षेत्र बृहत् र जटिल भएका कारण कुनै एउटा समयको सरकार वा अभियानले मात्र यसलाई पूर्णता दिन नसकिने तथ्य स्पष्ट छ। सार्वजनिक सम्पत्तिको खोजतलास गर्ने र संरक्षण गर्ने कार्य वातावरण तरङ्गित भइरहेका सन्दर्भमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको वडास्तरसम्मका जिम्मेवार पदाधिकारी जागरुक हुनु आवश्यक छ। सार्वजनिक सम्पत्तिको संरक्षणका लागि समान दायित्व भएका ऐतिहासिक दस्ताबेज एवं स्मरण भएका सामाजिक सङ्घ संस्था, नागरिक समाज, राजनीतिक दल, सञ्चारकर्मी र सामान्य नागरिकसमेतले आआफ्नो क्षेत्रबाट सहकार्य गर्न जरुरी छ । सार्वज्निक सम्पत्तिको प्रभावकारी व्यवस्थापनका लागि मौसमी तत्परता मात्र पर्याप्त हुँदैन । सार्वजनिक पदको शक्तिका आडमा मिलेमतो गरी सार्वजनिक सम्पत्ति व्यक्ति वा समूहको नाममा दर्ता गर्ने गराउने गलत प्रवृत्ति दशकौँदेखिको समस्या हो। यस समस्याको समाधान गर्न राजनीतिक एवं प्रशासनिक नेतृत्वको नैतिक अनुशासन र इमानदार कार्य अग्रसरताको जरुरी छ। यसका लागि सरकारबाट भएका पछिल्ला प्रयासहरू सराहनीय रहेका छन् । यस्ता कार्य पूर्वाग्राही, सुनियोजित र मनसायपूर्ण हुनु हुँदैन । सार्वजनिक सम्पत्तिको नियमित रूपमा खोजतलास गर्ने, रेखदेख र संरक्षण गर्ने, एकीकृत अभिलेख राख्ने, अभिलेखको अद्यावधिक गर्ने, गैरकानुनी रूपमा व्यक्ति वा संस्थाको नाममा गएकोबाट फिर्ता गर्ने, सम्पत्ति दुरुपयोगको भएकोमा आवश्यकता अनुसार कारबाहीका लागि सिफारिस गर्न केन्द्रीय स्तरमा स्थायी संरचना खडा गर्नु आवश्यक छ । यस प्रकारको संरचनालाई अधिकार सम्पन्न गराउने र संस्थामा सक्षम, अनुभवी, विज्ञता एवं मनोबल भएको जनशक्ति व्यवस्थापन गर्न जरुरी छ।

*–गोरखापत्र*

# विद्युत् प्रसारण लाइन विस्तार अवरुद्ध

नमस्ते समाचारदाता
सुर्खेत, पुष/२८



कोहलपुर-सुर्खेत १३२ केभिए विद्युत् प्रसारण लाइन विस्तारमा देखिएको विवाद सुल्झिन सकेको छैन । जसले गर्दा आयोजना अघि बढाउन सकस भइरहेको छ । अहिले काम अवरुद्ध भएको छ । बाँकेको बैजनाथस्थित बस्ती प्रभावित हुने भएपछि त्यहाँका नागरिकले अवरोध सिर्जना गरेका छन् । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार बैजनाथ गाउँपालिकाको वडा नं. १ गाभर र वडा नं. ४ को बानियाँभार हुँदै लाइन विस्तार गर्नुपर्ने छ तर उक्त लाइन विस्तारले बस्ती र खेतीयोग्य जमिनमा असर पुग्ने भन्दै स्थानीयले विरोध जनाएका छन् । पछिल्लो पटक विवाद समाधान गर्न प्रदेश तथा सङ्घीय सांसदसमेत प्रभावित क्षेत्रमा पुगेर स्थानीयसँग छलफल गरेका छन् तर स्थानीयले कुनै पनि हालतमा बस्तीबाट विद्युत् विस्तार गर्न नहुने बताइरहेका छन् । विवादकै कारण आयोजनाको काम अघि बढाउन समस्या भएको आयोजना प्रमुख रवि चौधरीले बताउनुभयो । विवाद समाधानका लागि दुई प्रदेशका सरकार प्रमुख प्रदेश तथा सङ्घीय सांसदसमेत त्यस क्षेत्रमा पुग्नुभएको थियो । उक्त विषय थप पेचिलो बन्दै गएको छ तर आयोजनाको विवाद भने समाधान हुनसकेको छैन । विवादितबाहेक अन्य स्थानको काम करिब अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ । विवाद समाधान भए अबको तीन महिनामा काम सम्पन्न गर्न सकिने आयोजना प्रमुख चौधरीले जानकारी दिनुभयो । लाइन विस्तार कार्यको सुरुवात २०७७ असार देखि गरिएको थियो । हालसम्म आयोजनाको ८० प्रतिशत प्रगति हासिल भएको छ । अझै २० प्रतिशत काम गर्न बाँकी छ । जग्गा र वनका कारण आयोजनाले तोकिएको मितिमा कामसमेत गर्न सकेको छैन । भारतीय निर्माण कम्पनी आरएस इन्फ्राप्रोजेक्ट प्रालिले ७० करोड रुपियाँमा आयोजनाको ठेक्का पाएको हो । विवाद नै विवाद हुँदा आयोजनाले अपेक्षित रूपमा काम गर्न सकेको छैन भने विवाद पनि समाधान हुन सकेको छैन । वनको विवाद भने समाधान भएको छ । अहिलेसम्म करिब दुई हजार रुख काटिएको छ । करिब पाँच हजारभन्दा बढी रुख काटिने छ । १४८ फाउन्डेसन निर्माण गरिएको छ । अब १३ वटा फाउन्डेसन निर्माण गर्नुपर्ने हुन्छ । उक्त विवादित क्षेत्रमा उक्त फाउन्डेसन निर्माण गरिने छ । हालसम्म ३६ किलोमिटर तार तान्ने काम सकिएको छ । सुर्खेतको सुब्बाकुनामा सबस्टेसन निर्माणको काम अन्तिम चरणमा पुगेको छ । हालसम्म ९० प्रतिशत निर्माणको काम सकिएको छ । कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले विद्युत् विस्तारमा सहजीकरणका लागि सङ्घीय सरकारसँग माग गरिरहनुभएको छ । उहाँले समय समयमा कामका बारेमा अनुगमन गर्ने र देखिएको विवाद समाधानमा चासो राख्नुभएको हो । विवाद समाधान गर्न सम्बन्धित क्षेत्रलाई उहाँले निर्देशनसमेत दिनुभएको छ । प्रदेश समृद्धिको योजना भएकाले सबै क्षेत्रबाट पहल थाल्नुपर्ने उहाँको भनाइ छ यस्तै सुर्खेतबाट निर्वाचित प्रतिनिधि सभा सदस्य हृदयराम थानीले पनि १३२ केभिए प्रसारण लाइन विस्तारबारे चासो दिनुभएको छ । बिहीबार मात्र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई भेटेर उहाँले आयोजनाको कामका विषयमा छलफल गर्नुभएको छ । १३२ केभी प्रशारण लाइन सम्पन्न नहुँदा सधैँ विद्युत् अवरुद्ध हुने समस्याबाट सुर्खेती जनताका साथै सम्पूर्ण कर्णालीवासीले भोगिरहेको समस्यालाई सम्बोधन गर्न प्रशारण लाइनको काममा हाल देखिएका समस्याहरूलाई छिट्टै समाधान गर्नुपर्नेमा उहाँले मन्त्रीको ध्यानाकर्षणसमेत गराउनुभएको छ ।

# आठ आर्थिक वर्षमा नौ करोड बेरुजु

नमस्ते समाचारदाता
हुम्ला, पुष/२८



सदरमुकाममसेत रहेको सिमकोट गाउँपालिकाको बेरुजु आठ आर्थिक वर्षमा नौ करोडभन्दा बढी देखिएको छ । बर्सेनि बेरुजु आकार घटाउनेतर्फ गाउँपालिकाले ध्यान दिन नसक्दा वृद्धि हुँदै गएको हो । बेरुजुमा शून्य सहनशीलताको नीति लिएको सिमकोट गाउँपालिकाले महालेखाको पछिल्लो लेखा परीक्षण प्रतिवेदन ०८०/८१ ले हालसम्मको बेरुजु रकम नौ करोड २४ लाख दुई हजार ४ सय १५ रुपैयाँ औँल्याएको छ । यो बेरुजु रकम ०७३/०७४ यताको आठ आर्थिक वर्षको हो । अघिल्लो आर्थिक वर्ष ०७९/०८० सम्ममा सिमकोट गाउँपालिकाको सात करोड ३७ लाख ५७ हजार ३८४ रुपियाँ थियो । महालेखाले आर्थिक वर्ष ०८०/०८१ मा थप एक करोड ८५ लाख ४५ हजार ३१ रुपैयाँ औल्याएको छ । यद्यपि लेखा परीक्षण कै क्रममा बीस लाख २७ हजार ७८४ रुपियाँ भने गाउँपालिकाले सम्परीक्षण गरेको छ । अब बाँकी सिमकोट गाउँपालिकाको बेरुजु रकम नौ करोड तीन लाख ७४ हजार ६३१ रुपैयाँ रहेको छ । महालेखाले औल्याएको बेरुजु मध्य असुल उपर गर्ने र सैद्धान्तिक बेरुजु रहेको सिमकोट गाउँपालिकाका लेखा अधिकृत बिशाल बोहराले बताए । असुलउपर गर्ने बेरुजुका लागि गाउँपालिकाले पत्राचार गरि सकेको बताउदै उनले सम्परीक्षण गर्न सकिने बेरुजुका लागि सबैले सहयोग गर्न आवश्यक रहेको जानकारी दिए । बेरुजु कम गर्नका लागि जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता र निर्माण व्यवसायीको सहयोग आवश्यक छ ।

# कर्णाली बैंकका बचतकर्ताको रकम राष्ट्र बैंकले भुक्तानी गर्दै




नमस्ते समाचारदाता
बाँके, पुष/२८

नेपाल राष्ट्र बैंकले गठन गरेको व्यवस्थापन समूहले अन्तर बैंक सापटी लिएर कर्णाली विकास बैंकका निक्षेपकर्ताको निक्षेप भुक्तानी गरिरहेको छ । निक्षेपकर्तालाई निराश हुन नदिन व्यवस्थापन समूहले पैसाको जोहो गर्दै भुक्तानी गरिरहेको हो । खराब कर्जा प्रवाह अधिक र आन्तरिक सुशासन ध्वस्त भएपछि राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गर्दै कर्णाली बैंकको जिम्मेवारी नियन्त्रणमा लिएर तीन सदस्यीय व्यवस्थापन समूह बनाई केही समय अघि नेपालगन्ज पठाएको थियो । टीकाराम खतिवडा संयोजक तथा जुगलकिशोर कुशवाह र विष्णुकुमार विश्वकर्मा सदस्य रहेको समूहले अन्तर बैंक सापटी र कर्जा असुल गर्दै निक्षेपकर्ताको निक्षेप भुक्तानी गरिरहेको छ । संयोजक खतिवडाले रु ५ करोड अन्तर बैंक सापटी र कर्जा उठाएर करिव दश करोड रुपैया निक्षेपकर्ताको निक्षेप भुक्तानी गरेको जानकारी दिए । राष्ट्र बैंकको व्यवस्थापन समूहले बाँकेको नेपालगन्ज, कोहलपुर, खजुरा, शमशेरगन्ज, बैजापुर, बर्दियाको बाँसगढी, भुरीगाउँ, सानोश्री, गुलरिया, ठाकुरद्वारा, राजापुर र डाङको तुलसीपुर, बिजौरी, नारायणपुर, घोराही, लमही, भालुवाङ, गढवा र सिसहनिया शाखाबाट पैसा जुटाउदै निक्षेपकर्तालाई भुक्तानी गर्दै आएको बताएको छ । एक जनालाई २५ हजारसम्म भुक्तानी गरिरहेको बैंकले पैसाको जोहो गर्न केही दिन बीचमा भुक्तानी रोकेर फेरि माघीलाई मध्यनजर गर्दै रकम भुक्तानी गर्दैछ । सहकारीहरु धमाधम डुबेर बचतकर्ताको रकम डुबिरहेको बेला परेको र बैंकसमेत समस्याग्रस्त घोषणा गरेर भनेकोजति पैसा भुक्तानी नहुँदा बचतकर्ता निराशा हुनुलाई स्वाभाविक मानिएको छ । व्यवस्थापन समूहले यस कुरालाई मध्यनजर गर्दै अन्तर बैंक सापटी, कर्जा बिक्री र कर्जा उठाउँदै निक्षेपकर्ताको निक्षेप भुक्तानीलाई प्राथमिकता दिएर अघि बढेको जनाएको छ । व्यवस्थापन समूहका संयोजक खतिवडाले यतिबेला समूह निक्षेप भुक्तानीसँगै बैंकको सम्पति र दायित्वको मूल्यांकन (डीडीए) गर्न र तरलता व्यवस्थापनमा लागि परेको बताए । उनले डीडीएका आधारमा यथार्थ विवरण आउने र नीति बनाएर अघि बढ्ने जानकारी दिए । तरलता व्यवस्थापनमा अन्तर बैंक सापटी, कर्जा सापटी दिएका बैंकलाई कर्जा फाइल बिक्री र कर्जा स्वावको काम भइरहेको छ । समूहले शाखा कार्यालयलाई कर्जा असुल गरेर त्यही भुक्तानी दिन निर्देशन दिएको छ । पुस १० गते कर्णाली बैंकलाई समस्याग्रस्त घोषणा गरेपछि राष्ट्र बैंकले आफ्नो समूह पठाएको थियो । समूहले अहिलेसम्म हेर्दा बैंकमा धेरै बेतिथि देखिएको जनाएको छ । संस्थागत सुशासन कमजोर, आन्तरिक नियमन ध्वस्त, छोडेका कर्मचारीसँग सापटी असुल गर्न बाँकी, खराब कर्जा बढेको, फ्लोअप नगरेको, सञ्चालक र सिइओले घुमाउरो तरिकाले कर्जा लिएको पाइएको छ । समूहले अपचलन गरेका व्यक्तिलाई स्वेइच्छाले रकम बुझाइदिन आव्हान गरेको छ । बैंकले चार/पाँच वर्षदेखि कर तिरेको छैन । व्यवस्थापन समूहले तीन महिनामा बैंकलाई एउटा स्वरुपमा ल्याउने कोसिस गरिरहेको जनाएको छ ।

# खानेपानी आयोजना अलपत्र

नमस्ते समाचारदाता
दैलेख, पुष/२८



खानेपानीको अभावमा काकाकुल भएका चामुण्डा बिन्द्रासैनी नगरपालिकाका नौ हजार बासिन्दालाई कर्णाली नदीबाट लिफ्टिङ प्रविधिमार्फत पानी खुवाउने कर्णाली लिफ्टिङ खानेपानी आयोजना बजेट अभावका कारण अलपत्र परेको छ । दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७, पाल्तडामा कर्णाली लिफ्टिङ खानेपानी आयोजना निर्माण सुरु गरेको पाँच वर्ष भइसक्दासमेत बजेट अभावमा उक्त आयोजना अलपत्र परेको चामुण्डाबिन्द्रासैनी नगरपालिकाले जानकारी दिएको छ । खानेपानी आयोजना निर्माणको काम आर्थिक वर्ष २०७६/७७ बाट सुरु गरिएको थियो । पहिलो वर्ष आयोजना निर्माणका लागि आएको कुल एक करोड ५० लाखमा ठेक्का भई आयोजना निर्माणका लागि सफल निर्माण सेवा जानकी गाउँपालिका-३, बाँकेले लिएको थियो । आर्थिक वर्ष २०७७/७८ मा आयोजना निर्माण सम्पन्न गर्न पुनः सङ्घीय सरकार प्रदेश र स्थानीय सरकारको साझेदारीमा चार करोड १६ लाख बजेट विनियोजन भई ठेक्का हुँदा निर्माणको काम नागार्जुन टिडिआर जेभी काठमाडौँले पाएको थियो । नगरपालिकाको योजना शाखाका योजना सहायक खगेन्द्रबहादुर शाहीले उक्त खानेपानी आयोजना निर्माण गर्न हालसम्म पाँच करोड ६६ लाख रुपैयाँ बजेट खर्च भइसक्दा समेत आयोजना निर्माण हुन नसकेको बताउनुभयो । उहाँले ठेकेदारले काम गर्ने क्रममा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त ससर्त समपूरकको बजेट फ्रिज हुँदा आयोजना निर्माणको कार्य झन् अलपत्र परेको बताउनुभयो । आयोजना निर्माणको काम करिब ६० प्रतिशत सम्पन्न भए पनि बजेट अभावका कारण आयोजना निर्माण हुन सकेको छैन । चामुण्डाबिन्द्रासैनी नगरपालिका-९ का वडाध्यक्ष प्रेमबहादुर रावलले आयोजना निर्माण भएपछि नगरपालिकाका ५, ६, ७, ८ र ९ को तल्लो भागमा बसोबास गर्दै आएका करिब ११ हजार बासिन्दाको खानेपानी समस्या समाधान हुने भए पनि आयोजना निर्माण नहुँदा खानेपानी समस्या रहेको बताउनुभयो । उहाँले अघिल्लो स्थानीय सरकारले सञ्चालन गरेका कामको अपनत्व अहिलेका स्थानीय सरकारले नलिएका कारण आयोजना बिचमै अलपत्र परेको आरोप लगाउनुभयो । उहाँले बजेट माग्ने, विनियोजन गर्ने अधिकार नगरप्रमुखलाई भए पनि नगरप्रमुखले नै आयोजना निर्माणमा चासो नदिँदा करोडौँ खर्च भएको आयोजनाले पूर्णता पाउन नसकेको बताउनुभयो । उहाँका अनुसार आयोजना निर्माणका लागि खरिद गरिएका एक करोडभन्दा बढीका निर्माण सामग्री हालसम्म गोदाममा थन्किएका छन् । निर्माण सामग्री राखिएको गोदामको भाडा नगरपालिकाले तिर्ने भन्ने सहमति रहेको थियो तर हालसम्म नगरपालिकाले गोदाम भाडासमेत नतिरेको वडाध्यक्ष रावलको भनाइ छ । नगरपालिकाका नगरप्रमुख गणेशबहादुर शाहीले बजेट अभावका कारण निर्माण हुन नसकेको कर्णाली लिफ्टिङ खानेपानी आयोजनाका लागि १५ औं नगर सभाबाट ३८ लाख रुपैयाँ विनियोजन गरिएको र नपुग रकम प्रदेश र सङ्घीय सरकारसँग माग्ने तयारी गरिएको बताउनुभयो । उहाँले प्राविधिक टोलीसँग समन्वय गर्दा एक करोड लागतमा खानेपानी लयाटी बिन्द्रासैनीमा आउने र त्यहाँ निर्माण गरिएको आरभिटीमार्फत वितरण गर्न सकिने भएपछि नगर सभाले उक्त बजेट विनियोजन गरेको जनाउनुभयो । खानेपानी ल्याउन अहिले पनि पालो कुर्नुपर्ने अवस्था भएको भन्दै स्थानीय नगेन्द्र रावलले नगरपालिकाले तत्काल आयोजना निर्माणका लागि ठोस कार्ययोजना बनाएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । आयोजना अहिले लथालिङ्ग छ । निर्माण सामग्री छरपस्ट छन् । कर्णाली लिफ्ट खानेपानी आयोजना निर्माणका लागि स्थानीय सरकार चामुण्डाबिन्द्रासैनी नगरपालिका, सङ्घीय र प्रदेश सरकारसँगको साझेदारीमा आयोजना सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०७५/७६ मा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरिएको थियो । उक्त प्रतिवेदनमा आयोजनाको जम्मा लागत १९ करोड ९९ लाख सात हजार ९३५ रुपैयाँ लाग्ने अनुमान गरिएको थियो ।

# चिसो बढेसँगै भूकम्पपीडितको बिचल्ली

■ नमस्ते समचारदाता

जाजरकोट, पुष/२८




चिसो बढेपछि यहाँका भूकम्पपीडितको बिचल्ली भएको छ। पुनर्निर्माणको पर्खाइमा एक वर्षदेखि टहरामुनि बसेका पीडितलाई पुसको चिसो तुषारो र जाडोले ज्यान जोगाउनसमेत मुस्किल भएको छ। पुस महिनाको चिसो सिरेटो छल्ने न्यानो बास नहुँदा टहरामुनि गरिब, विपन्न, वृद्धवृद्धा, गर्भवती, सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगी समस्यामा परेका छन् । सरकारले पुनर्निर्माण गरिदिए घर बनाउने आशामा बसेका पीडित वर्षामा पानीले र हिउँदमा जाडोले बिचल्लीमा परेका छन्। भेरी नगरपालिका -१, रावतगाउँकी दिवसा विकले सुत्केरी अवस्थामा मिठो मसिना खाना त परको कुरा, सात महिनाको बच्चालाई कसरी चिसोबाट जोगाउने भन्ने चिन्ताले सताउन थालेको बताउनुभयो। एउटा दुई वर्ष र अर्को सात महिनाका छोराको स्वास्थ्यप्रति ख्याल गरे पनि टहरामुनिको बसाइँमा पुसको चिसो सिरेटोले ज्यान जोगाउनै मुस्किल भएको पीडामा हुनुहुन्छ उहाँ। न्यानो आवास नहुँदा छाकको भन्दा रातको चिन्ता लाग्ने गरेको उहाँले सुनाउनुभयो। चिसो बढ्दै गएपछि आफूभन्दा पनि बालबालिकालाई सुरक्षित राख्न समस्या भएको गुनासो उहाँले गर्नुभयो। सोही गाउँकै गीता विकका अनुसार श्रम रोजगारीले छाक टारेको बेला गत वर्षको भूकम्पले घरबारविहीन बनाइदिएपछि विचल्ली भएको छ। पोषणयुक्त खाना र न्यानो बास नपाउँदा चिसोका कारण सुत्केरी आमा र बच्चाको स्वास्थ्य प्रतिकूल बन्दै गएको छ। सुत्केरी कृष्णा नेपालीले सरोकारवाला निकायले ध्यान नदिँदा पुसको चिसोमा टहरामुनि शीतको थोपासँगै रात कटाउनु परेको बताउनुभयो। भूकम्प गएको करिब १५ महिना बित्न थाले पनि सरकारले पुनर्निर्माण सुरु नगर्दा पुसको चिसोबाट बच्न मुस्किल भएको उहाँको भनाइ छ। गत वर्षको भूकम्पले धनजनको बढी क्षति नलगाड नगरपालिका र भेरी नगरपालिकामा गरेपछि सोही क्षेत्रका पीडितले दोस्रो किस्ता पाउन सकेका छैनन्। भेरी नगरपालिका-१, रावतगाउँ, कोल्चौर, मेदै, पिपे, रिम्नागाउँ, नलगाड नगरपालिका-१ चिउरी, पाली, कल्पत लगायतका गाउँबस्तीमा गरिब, विपन्न, दलित, जनजातिको बाहुल्यता छ। पीडितले घर बनाउन नसकेपछि टहरामुनि बसेका छन्। केही दिन यता अत्यधिक चिसो बढेपछि सुत्केरी गर्भवती महिला, बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीलाई ज्यान जोगाउन मुस्किल भएको छ। सरकारले समयमा भूकम्पपीडितको न्यानो आवास निर्माणमा ध्यान नदिए चिसोका कारण सुत्केरी आमा, नवजात शिशुलाई निमोनिया हुने खतरा बढेको छ। प्रमुख जिल्ला अधिकार मेख बहादुर मङ्गातीले पुनर्निर्माण सम्बन्धी सरकारले कार्यविधि निर्माण गरेकाले छिट्टै पुनर्निर्माणको तयारीमा जुट्ने बताउनुभयो। उहाँले भूकम्पपीडित लाभग्राहीको दोस्रो किस्ता रकम वितरण गर्न स्थानीय तहलाई आग्रह समेत गर्नुभयो। सरकारले तत्काल अस्थायी आवास निर्माणका लागि दिएको २५ हजार रुपियाँ अनुदानबाट दोस्रो किस्ता पाएपछि दिने सर्तमा साहुबाट कर्जा लिएर बनाएको शीत तप तप चुहिने टहरामुनि पीडितले रात बिताउँदै आएका छन्। बारेकोट गाउँपालिकाले दोस्रो किस्ताको रकम भुक्तानी गरेको छ। भेरी नगरपालिका, छेडागाड नगरपालिका, नलगाड नगरपालिका, कुसे गाउँपालिका, शिवालय गाउँपालिका र जुनीचाँदे गाउँपालिकाले दोस्रो किस्ताको रकम भुक्तानी प्रक्रिया ढिलासुस्ती गरेपछि घरमा साहु रकम लिन आउँदा शीतले भिजेका बिस्तारा छोडेर भाग्नुपर्ने अवस्था आएको पीडित बताउँछन्।

# जुम्लामा अनलाइनबाट नागरिकता सिफारिस

■ नमस्ते समचारदाता

जुम्ला, पुष/२८




जिल्लामा नागरिकताको प्रमाणपत्र लिनका लागि अनलाइनमार्फत सिफारिस सेवा सुरुआत हुने भएको छ। आगामी माघदेखि जिल्लाका आठवटै स्थानीय तहमा यो सेवा सुरु गर्न तयारी गरिएको प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले जानकारी दिनुभयो। यसअघि स्थानीय तहका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखसँग बैठक गरी अनलाइनबाट सिफारिसका विषयमा छलफल भइसकेको छ। प्रजिअ शाहीले भन्नुभयो, "गृह मन्त्रालयको केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणालीमार्फत अनलाइन नागरिकता सिफारिस अगाडि बढाइएको हो। अनलाइन प्रणालीबाटै नागरिकताको सिफारिस दिन सकिन्छ। यसका लागि कर्मचारीलाई आवश्यक तालिम दिइनेछ।"

# बढे भ्रष्टाचारका उजुरी

■ नमस्ते समचारदाता

बैतडी, पुष/२८



सुदूरपश्चिम प्रदेशमा भ्रष्टाचार सम्बन्धीका उजुरी बढ्न थालेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कञ्चनपुर कार्यालयमा आर्थिक वर्ष २०७९/८० मा ७१४ हजार उजुरी परेकोमा आव २०८०/८१ मा उजुरीको संख्या दोब्बरले बढेर एक हजार ४७० पुगेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कञ्चनपुर कार्यालयले शुक्रबार बैतडीमा सुशासन प्रवर्धनका लागि सरोकारवाला निकायबिच अन्तर्क्रिया गर्दै प्रदेशमा भ्रष्टाचारका उजुरी बढेको तथ्याङ्क सार्वजनिक गरेको हो। जिल्ला प्रशासन कार्यालय बैतडीमा आयोजित कार्यक्रममा आयोगका कञ्चनपुर कार्यालय प्रमुख माधवप्रसाद पोखरेलले सुदूरपश्चिम प्रदेशमा पछिल्लो समय भ्रष्टाचारका उजुरी बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नै अख्तियारको कार्यालयमा घुस दिन रकम बोकेर आउन थालेका छन्। अछामको मेल्लेख गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हाल नुवाकोटको किस्पाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवप्रसाद सापकोटाले अख्तियारका कर्मचारीलाई घुस दिन खोजेपछि सापकोटा उपर यही पुस २५ गते घुस/रिसवत दिई भ्रष्टाचार गरेकोसम्बन्धी आरोपपत्र दायर गरेका छौं।" कञ्चनपुर कार्यालयमा प्राप्त उजुरी दुई हजार १८४ मध्ये ७० प्रतिशत फर्स्योट भई ४९९ उजुरीमाथि अनुसन्धान भइरहेको उहाँले बताउनुभयो। अख्तियारमा स्थानीय तहका धेरै उजुरी आउने गरेको बताइएको छ। शिक्षा, स्वास्थ्य, वन र विकास निर्माणमा अनियमितता भएको बारेमा उजुरी पर्ने गरेको आयोगको तथ्याङ्कमा उल्लेख छ। आयोगमा देशभरिबाट आव २०८०/८१ मा परेका ३६ हजार १८६ वटा उजुरीमध्ये १२ हजार ७८६ लाई अन्य कारबाही भएको छ। त्यसै गरी ९३२ वटा उजुरी विस्तृत अनुसन्धानमा गएका छन् भने १३ हजार पाँच सय उजुरी तामेलीमा राखिएका छन् । आयोगले बितेका पाँच वर्षमा एक हजार ४८ वटा मुद्दाका चार हजार ६१५ जनाविरुद्ध विशेष अदालतमा दायर गरेको छ। विशेष अदालतमा दायर भएका मुद्दाको तथ्याङ्क अनुसार आव २०७६/७७ मा ४११, आव २०७७/७८ मा ११३, आव २०७८/७९ मा १३१, आव २०७९/८० मा १६२ र आव २०८०/८१ मा २०१ वटा मुद्दा दायर भएको तथ्याङ्क सार्वजनिक गरिएको छ। अन्तर्क्रिया कार्यक्रममा बैतडीका स्थानीय तहले बजेट अबण्डा राखेर कार्यपालिकाको निर्णयबाट बजेट दुरुपयोग हुने गरेको नागरिक समाजका देव बहादुर चन्दले गुनासो राख्नुभयो।

# सडकसँग जोडिँदै दुर्गम गाउँ

■ नमस्ते समचारदाता

बाजुरा, पुष/२८



बाजुराको पूर्वी उत्तर क्षेत्रमा पर्ने हिमाली गाउँपालिकाले यहाँका दुर्गम गाउँबस्तीमा सडक विस्तार गर्दै आएको छ। जिल्लाको विकट क्षेत्रका रुपमा पर्ने यो पालिकामा सात वडा छन्। यहाँका ४, ५, ६ र ७ वटा वडापालिका गत वर्षबाट नै सडक सञ्जालको पहुँचमा रहँदै आएका छन् । यहाँका १, २ र ३ वडा निकै विटक क्षेत्र पर्ने भएकोले यी वडामा भने सडक पुग्न सकेको छैन । यी वडालाई पनि सडक सञ्जालले जोड्ने गरी पालिकाले धमाधम सडक विस्तार गर्दै आएको हिमाली गाउँपालिकाले जनाएको छ । बाजुराको पूर्वी उत्तर क्षेत्रमा पर्ने यो पालिका बाजुराको एक विकट क्षेत्रको रुपमा पर्दछ । यो पालिकामा हत्तपत्त सडक विस्तार गर्न निकै कठिन छ। यहाँका प्रत्येक गाउँ बस्तीमा प्रायः ठुल्ठुला चट्टान छन्। ती चट्टान फोडेर गाउँमा बस्तीमा सडक लिनुपर्ने देखिन्छ । पालिकाले निकै प्रयास गरेर विगतका वर्षमा यहाँका ४, ५, ६ र ७ वडामा सडक पुऱ्याउने काम गरेको भए पनि तीन वटा वडामा भने अझै सडक जोड्न बाँकी छ। पालिकाले यो वर्षदेखि ती वडालाई पनि सडक सञ्जालको पहुँचमा राख्ने गरी सडक विस्तार गर्ने काम गरिरहेको हो। यो ठाउँमा सडक निर्माण गर्नु भनेको पालिकाको क्षमताभन्दा बाहिर छ। यहाँका गाउँ बस्तीमा सडक विस्तार गर्नका लागि अहिले प्रदेश सङ्घीय कुनै सरकारबाट बजेट आएको छैन। पालिकाले यहाँका स्थानीयको दैनिक उपभोग्य सामग्री ढुवानी गर्न तथा आजजामा सहजताका लागि यहाँका प्रत्येक गाउँ बस्तीमा सडक जोड्ने काम तीव्र पारिरहेको छ। यहाँका ४, ५, ६, ७ वडामा गत वर्षमा नै गाडी गुड्न थालेका छन् । यहाँ पहिला यातायातको सुविधा नहुँदा स्थानीयलाई हिमाली गाउँपालिकाको धुलाचौर पुग्नलाई एक दिनभन्दा बढी लाग्ने गर्थ्यो। यहाँका स्थानीय घरदेखि गाउँपालिकाकासम्म दुई तीन घण्टामा पुग्ने गर्दछन् । गाउँमा सडक पुग्दा जसरी यहाँका स्थानीयलाई सहज भयो । यो सुविधा अन्य १, २, र ३ वडाका स्थानीयलाई दिने गरी पछिल्लो समय पालिकाले प्रत्येक गाउँ बस्तीमा सडक विस्तार गर्दै आएको हिमाली गाउँपालिकाका प्राविधिक जनक बहादुर रोकायाले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले वडा नं दुईको कवाडीदेखि गोलीगौडाको बिचको भीड काट्ने काम भएको छ । वडा नं -५ को कीउडी पारीबाट पनि १ देखि ३ जिपानाबाट मैतर्ना सबै गरेर सात किलोमिटर सडक सर्भे भएको छ।" यसका लागि हिमाली गाउँपालिका र हुम्लाको ताँजाकोट गाउँपालिका, प्रदेश र सङ्घबाट झण्डै तीन करोड रुपियाँ छुट्याएको हिमाली गाउँपालिका प्राविधिक रोकायाले बताउनुभयो । बाजुराका अन्य नौ वटा स्थानीय तहमध्ये यो पालिका निकै विकट पर्छ। यती मात्र होइन यहाँका प्रत्येक गाउँ बस्तीमा पुग्न धेरै समय लाग्छ । यहाँका गाउँ बस्तीको बिचमा ठुल्ठुला चट्टाहरु पर्दछन् । यी चट्टाहरु फोडेर ती गाउँ बस्तीमा सडक पुऱ्याउनुपर्ने भएकोले यस पालिकालाई यहाँका सबै वडा सडक सञ्जालको पहुँचमा राख्न निकै सकस भएको छ । यती समस्याका बाबजुद पनि हामीले यहाँका ४, ५, ६ र ७ वटामा गत वर्षमा नै सडक पुऱ्याएका छौं । जसका कारण अहिले यहाँका स्थानीयले घरदेखि नै यातायात सुविधा पाउने गरेको हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर मल्लले बताउनुभयो । उहाँले भन्नुभयो, "सडक सञ्जालको पहुँचमा नरहेका यहाँका अन्य १ देखि ३ वडामा पनि हामीले सडक विस्तार गर्ने काम निरन्तर जारी राखेका छौं।" अबका केही वर्षमा यहाँका सबै वडामा सडक सञ्जालले जोड्ने गरी अहिले हामीले विभिन्न निकायसँग समन्वय तथा सहकारी गर्दै दुर्गमका गाउँ बस्तीमा सडक विस्तार गर्ने कामलाई निकै तीव्रता दिंदै आएको अध्यक्ष मल्लले बताउनुभयो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके